# ORIENTAL HOTELS LTD.

पो. ब. नं. २२६९, लाजिम्पाट, काठमाडौं । फोन नं. ४४११८१८, ४४२३८८८ । फ्याक्स ४४२२३३०

## अट्ठाइसौं (२८) वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२।०५।२३ गते**

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०८२ भाद्र २२ गते (७ सेप्टेम्बेर २०२५) आइतबारका दिन बसेको यस ओरियण्टल होटल्स् लि. को सञ्चालक समितिको आ.व. २०८२/०८३ को तेस्रो बैठकको निर्णय बमोजिम यस कम्पनीको अट्ठाइसौं वार्षिक साधारण सभा निम्न  बमोजिम मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले उक्त साधारण सभामा शेयरधनीहरु स्वयम् वा रितपूर्वकको प्रतिनिधित्वद्वारा उपस्थित हुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति स्थान र समयः**

मितिः  २०८२।६।३१ गते, शुक्रबार (१७ अक्टोबर २०२५) ।

स्थानः  नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।

समयः  दिनको ११ बजे ।

**छलफलका विषयहरू:**

**क. सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको अध्यक्षज्यूको मन्तव्यसहित अट्ठाइसौं वार्षिक साधारण सभा आ.ब. २०८१/०८२ को प्रयोजनका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०८२ असार मसान्तको वासलात तथा  आ. व. २०८१/०८२ को नाफा नोक्सान हिसाब, एवम् सोही अवधिको नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्ध वित्तीय विवरण सहितका अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरिक्षण समितिको सिफारिश अनुसार आ.व. २०८२/०८३ को लागि बैधानिक लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ६ (छ) जना सञ्चालकहरूको निर्वाचन गर्ने र स्वतन्त्र सञ्चालक १ (एक) जना नियुक्त गर्ने ।

**ख. बिशेष प्रस्ताव**

१. कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम कम्पनीको हाल चुक्ता पूँजी रु१,१८,४४,९४,९६०/- को १ शेयर बराबर ०.२६६३ का दरले हुने रु ३१,५५,०५,०४०/- बराबरको हकप्रद  शेयर निष्काशन गर्ने स्वीकृति प्रदान गर्ने । प्रस्ताविक हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम कम्पनीको परिसरको रिनोवेशन गर्नका लागि उपयोग गरिनेछ ।

२. हकप्रद  शेयर जारी गर्दा नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिस्ट्रारको कार्यालय लगायत अन्य नियमकारी निकायमा आवश्यक कार्य गर्न कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग. विविध**

**सञ्चालक समितिको आज्ञाले,**
**नि. कम्पनी सचिव**

**द्रष्टव्यः** शेयरधनी महानुभावहरूको सुविधाको लागि सभाहल बिहानको १० बजेदेखि खुला रहनेछ ।

## साधारण सभा सम्बन्धी जानकारी

१. अट्ठाइसौं साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले आफ्नो शेयर प्रमाणपत्र वा हितग्राही (Demat Account) शेयर अभौतिकीकरण (Dematerialization) खाताको आधिकारिक निस्साका साथै आफ्नो परिचय खुल्ने प्रमाण (जस्तैः नागरिकताको प्रमाणपत्र, वा अन्य कुनै परिचयपत्र) सभा हुने दिन अनिवार्य रूपमा साथमा लिई आउन हुन अनुरोध छ ।

२. सभामा भाग लिन तथा मतदान प्रतिनिधि नियुक्त गर्न चाहने महानुभावहरूले सभा शुरू हुने निर्धारित समय भन्दा कम्तीमा ४८ घण्टा अगावै एनआईएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा प्रोक्सी दर्ता गरिसक्नु पर्नेछ । प्रतिनिधि नियुक्त गरिसके पछि शेयरधनी स्वयं सभामा उपस्थित भएमा सो प्रोक्सी स्वतः बदर हुनेछ ।

३. नाबालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरूको तर्फबाट कम्पनीको शेयर लगत दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको महानुभावहरूले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधी तोक्न सक्नु हुनेछ ।

४. संयुक्त रूपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउनुहुनेछ ।

५. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुनुहुने शेयरधनी महानुभावहरूले झोला/ब्याग आदि नल्याई दिनहुन अनुरोध छ । सभा अवधिभर सभा स्थलमा रहेका सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा सुरक्षा जाँचमा सहयोग गरिदिनहुन शेयरधनी महानुभावहरूलाई अनुरोध छ ।

६. शेयरधनी महानुभावहरूको सुविधाका लागि हाजिरी पुस्तिका बिहान १०:०० बजे देखि खुल्ला रहनेछ ।

७. मिति २०८२/०६/०२ गते देखि २०८२/०६/३० गते सम्म कम्पनीको शेयर दाखिल खारेज बन्द गरिनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०६/०१ गतेसम्म नियमानुसार कारोवार भई यस कम्पनीको शेयर दाखिल खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरूलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ ।

८. साधारण सभाको सूचना र आर्थिक विवरण शेयरधनीको दर्ता किताबमा कायम रहेका ईमेल ठेगानामा पठाइनेछ र यस कम्पनीको website: www.ohl.com.np मा साधारण सभा हुने मिति भन्दा अगावै राखिने छ ।

९. यस कम्पनीको शेयरधनी महानुभावहरूको शेयरधनी दर्ता कितावमा ईमेल ठेगाना भएमा सोहि ठेगानामा संक्षिप्त आर्थिक वार्षिक विवरण ईमेल गरिनेछ ।

१०. सञ्चालकको निर्वाचन सम्बन्धमा निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रम सहितको सूचना ओरियण्टल होटल्स लिमिटेडको रजिष्टर्ड कार्यालयमा प्रकाशित गर्ने र सोही बमोजिम सञ्चालकको निर्वाचन गरिने व्यहोरा अनुरोध छ ।

११. छलफलका विषयहरु मध्ये विविध शीर्षक अन्तर्गत कुनै प्रस्ताव भएमा छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरूले साधारण सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषयको जानकारी कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षालाई लिखित रुपमा दिनुपर्नेछ ।

१२. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि Oriental Hotels Ltd. लाजिम्पाट, काठमाण्डौ (कम्पनी सचिवको कार्यालय) मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

Radisson